Hampshire County Council

Ethnic Minority and Traveller Achievement Service

# पोस्ट-१६ (१६ वर्षपछिका) बहुभाषी विद्यार्थीहरूका लागि मार्ग र प्रावधानहरू



## १६ वर्षपछिका विकल्पहरू सोच्दा उपयोगी सुझावहरू

विद्यार्थीले १६ वर्षपछि कुनै एक निश्चित बाटो रोज्नैपर्छ भन्ने छैन, त्यसैले उनीहरूका लागि धेरै अवसर र विकल्पहरू उपलब्ध हुन्छन्। त्यसैले युवाहरूले आफ्नो विकल्पहरूको बारेमा करियर सल्लाहकारबाट सल्लाह लिनु उपयोगी हुन्छ।

१६ वर्षपछिको शिक्षा वा तालिम प्रदान गर्ने संस्थाहरूका आफ्नै भर्ना सर्तहरू हुन्छन्। त्यसैले भर्नाका आवश्यकताहरू के–के छन् भन्ने बुझ्न सम्बन्धित संस्थासँग सम्पर्क गर्नु उपयोगी हुन्छ।

EAL (अंग्रेजी अतिरिक्त भाषा भएका) विद्यार्थीहरूको फरक पृष्ठभूमि र पहिलेको शैक्षिक अनभवको कारणले गर्दा उनीहरूलाई छट दिन सकिन्छ।

Hampshire County Council
Ethnic Minority and Traveller Achievement Service

## १६ वर्ष पछिका विद्यार्थीहरूको लागि विकल्पहरू

विद्यार्थीहरूले १९ वर्षको उमेरसम्म कुनै न कुनै रूपमा शिक्षा वा तालिममा रहनुपर्छ। यो हुन सक्छ

- पूर्ण-समय शिक्षा ( जस्तै कलेजमा)
- शिक्षुता (अप्रेन्टिसशिप)
- बेलायतमा काम गर्ने अधिकारमा छ भने, हप्तामा २० घण्टा वा सोभन्दा बढी समय रोजगारी, स्वरोजगार वा स्वयंसेवाको साथसाथै अंशकालिक शिक्षा वा तालिम।

## आर्थिक सहयोग प्राप्त गर्न आवश्यक योग्यता

इङ्ग्ल्यान्डमा कानुनी रूपमा बस्ने धेरैजसो युवाहरू १६-१९ वर्षको अध्ययन कार्यक्रमका लागि आर्थिक सहायता पाउन योग्य हुन्छन्।

सरकारले '16 to 19 education: funding guidance - GOV.UK (www.gov.uk)' मा केही सीमित अपवादहरू उल्लेख गरेको छ। मुख्य अपवाद भनेका ती विद्यार्थीहरू हुन्, जसको बेलायतमा बसोबास गर्ने मुख्य उद्देश्य शुल्क तिरेर अध्ययन गरिने विद्यालयमा पढ्नु हो।

## कस्ता योग्यताहरू उपलब्ध छन्?

### प्रवेश स्तर

ESOL (अन्य भाषा बोल्नेहरूका लागि अंग्रेजी) जस्ता प्रवेश स्तर योग्यताहरूले GCSE पास नगरेका विद्यार्थीहरूलाई कामको लागि आवश्यक पर्ने व्यावहारिक भाषा सीपहरू प्रदान गर्न सक्छ। ESOL ले भविष्यका पाठ्यक्रमहरू वा वैकल्पिक मार्गहरूमा पहुँच गर्न भाषा सीपहरू विकास गर्न पनि सहयोग गर्न सक्छ।

## स्तर १

स्तर १ का योग्यताहरू, जस्तै फाउन्डेसन डिप्लोमा, स्तर १ का कार्यात्मक सीपहरू र प्रशिक्षार्थी कार्यक्रमहरू विद्यालयमा GCSE मा ग्रेड १–३ प्राप्त गरेका विद्यार्थीहरूका लागि उपयुक्त विकल्प हुन सक्छन्। यी पाठ्यक्रमहरूले विद्यार्थीहरूलाई व्यावहारिक सीपहरू विकास गर्न मद्दत गर्छन्। त्यसपछि विद्यार्थीहरू स्तर २ का पाठ्यक्रमहरूमा अगाडि बढ्न सक्छन्।

## स्तर २

GCSE मा ग्रेड १-३ प्राप्त गरेका विद्यार्थीहरूले स्तर २ को योग्यता जस्तै प्रशिक्षुता, स्तर २ मा कार्यात्मक सीप, थप GCSE वा उच्च डिप्लोमा पूरा गर्न सक्षम हुन सक्छन्। रोजगारदाताहरूले स्तर २ को योग्यता माग्ने सम्भावना हुन्छ।

## स्तर ३

कम्तिमा ग्रेड ४ पास गरेर GCSE प्राप्त गरेका विद्यार्थीहरूका लागि A-लेभल र T-लेभल जस्ता स्तर ३ को योग्यता बढी उपयुक्त हुन सक्छ। A-लेभलले भाषा, जीवविज्ञान, भौतिकशास्त्र, गणित, संगीत, कला जस्ता शैक्षिक विषयहरूमा ध्यान केन्द्रित गर्छ।

## T-लेभल

T-लेभल इङ्ग्ल्यान्डका १६–१९ वर्षका युवाहरूका लागि GCSE पछिको दुई वर्षे प्राविधिक योग्यता हो। यो तीनवटा A-लेभल बराबर मानिन्छ र रोजगारदाताहरूसँगको साझेदारीमा विकास गरिएको हो। यसमा कक्षाकोठाको पढाइसँगै कम्तीमा ३१५ घण्टा (लगभग ४५ दिन) को कार्यस्थलमा आधारित व्यावहारिक तालिम समावेश हुन्छ, जसले विद्यार्थीहरूलाई सीपयुक्त रोजगारी वा उच्च शिक्षाका लागि तयार बनाउँछ। T-लेभल A-लेभल र शिक्षुताको वैकल्पिक विकल्प हो र डिजिटल प्रविधि, इन्जिनियरिङ तथा स्वास्थ्यजस्ता क्षेत्रका व्यावसायिक सीपहरूमा केन्द्रित हुन्छ।

Hampshire County Council

Ethnic Minority and Traveller Achievement Service

## तालिम  (Traineeship)

तालिम  कार्यक्रम भनेको कामको अनुभव भएको कोर्स हो जसले युवाहरूलाई कामको लागि वा प्रशिक्षार्थीको लागि तयार पार्छ। प्रशिक्षार्थी ६ महिनासम्म रहन सक्छ।

प्रशिक्षार्थीको लागि आवेदन दिन सक्षम हुन तलका मापदण्डहरू पूरा गर्नुपर्छ

- इङ्गल्याण्डमा काम गर्न योग्य
- बेरोजगार र थोरै वा कुनै कामको अनुभव नभएको
- १६-२४ वर्ष उमेरका र स्तर ३ मुनि योग्य

तालिम कार्यक्रमहरू (Traineeships) तलब नदिइने कार्य-अनुभव कार्यक्रमहरू हुन्, तर युवाहरूलाई यात्रा र खानाको खर्च दिइन सक्छ।

तालिमका अवसरहरू सरकारी वेबसाइटमा पाउन सकिन्छ।

## प्रशिक्षार्थीहरू

प्रशिक्षार्थीले युवाहरूलाई थप अध्ययन र जागिरमा व्यावहारिक तालिम संयोजन गर्ने अवसर प्रदान गर्दछ। प्रशिक्षार्थीको रूपमा, युवाहरूले

- अनुभवी कर्मचारीहरूसँग मिलेर काम गर्ने
- काम-विशिष्ट सीपहरू प्राप्त गर्ने
- तलब पाउने र बिदाको पैसा (होलिडे पे) पनि प्राप्त गर्ने
- आफ्नो कामसँग सम्बन्धित अध्ययनका लागि समय पाउने (सामान्यतया हप्तामा एक दिन)

प्रशिक्षुताका विभिन्न स्तरहरू उपलब्ध छन्, र प्रत्येक तहमा प्रवेश गर्न अघिल्लो शैक्षिक योग्यता र अनुभवका आधारमा फरक-फरक आवश्यकताहरू हुन्छन्।

Hampshire County Council
Ethnic Minority and Traveller Achievement Service

प्रशिक्षुताका लागि आवेदन दिन, युवाहरूले निम्न सर्तहरू पूरा गरेको हुनुपर्छः

- गर्मी बिदाको अन्त्यसम्ममा १६ वर्ष वा सोभन्दा बढी उमेर पुगेको हुनुपर्छ।
- इङ्ग्ल्यान्डमा बसोबास गरिरहेको हुनुपर्छ।
- पूर्णकालीन शिक्षामा (Full-time Education) अध्ययनरत हुनु हुँदैन।

प्रशिक्षुताका अवसरहरू सरकारी वेबसाइटमा पाउन सकिन्छ ।

## GCSE अंग्रेजी भाषा र गणित पुन: प्राप्तिको लागि आवश्यकता

GCSE अंग्रेजी भाषा र/वा गणितमा ग्रेड ४ वा सोभन्दा माथिको नतिजा हासिल नगर्ने विद्यार्थीहरूले GCSE(हरू) मा पुन: परीक्षा दिनुपर्छ वा सम्भवतः अंग्रेजी र/वा गणितमा वैकल्पिक योग्यता पूरा गर्नुपर्छ।

• GCSE गणित र/वा GCSE अंग्रेजीमा कक्षा ३ उत्तीर्ण गरेका पूर्ण-कालीन विद्यार्थीहरूले स्कूल वा कलेजमा पूर्ण-समय अध्ययन जारी राख्न चाहन्छन् भने यी GCSE परीक्षाहरू पुन: दिनुपर्छ।

• GCSE ग्रेड २ वा सोभन्दा कम भएका पूर्ण-कालीन विद्यार्थीहरू, र गणित र/वा अंग्रेजीमा GCSE ग्रेड ३ भएका अंशकालिक विद्यार्थीहरूले GCSE वा स्वीकृत स्टेपिङ-स्टोन योग्यता अध्ययन गर्न सक्छन्। स्वीकृत-स्टेपिङ-स्टोन योग्यताहरूमा कार्यात्मक सीपहरू समावेश छन्।

## थप सहयोगको लागि

राष्ट्रिय करियर सेवाले सिकाइ, तालिम र कामको सम्बन्धमा उपयुक्त निर्णय लिन मद्दत गर्न जानकारी, सल्लाह र मार्गदर्शन प्रदान गर्दछ। पाठ्यक्रम जीवनी (CV) र आवरण पत्र लेख्ने, आवेदन फारम भर्ने र अन्तर्वार्तामा कसरी राम्रो गर्ने भन्ने बारे सल्लाह दिने जस्ता सहयोग पनि उपलब्ध छ।

Hampshire County Council

Ethnic Minority and Traveller Achievement Service

राष्ट्रिय क्यारियर सेवालाई सम्पर्क गर्न धेरै फरक तरिकाहरू छन् । यदि तपाईंलाई अंग्रेजी बाहेक अन्य भाषामा सल्लाह चाहिन्छ भने, तपाईंले ०८०० १०० ९०० मा फोन गर्न सक्नुहुन्छ र दोभाषेको सहयोगमा सल्लाहकारसँग कुरा गर्न विकल्प ५ छनौट गर्न सक्नुहुन्छ।

ह्याम्पशायर फ्युचर्सले शिक्षा, रोजगारी वा तालिममा नभएका १६-२४ वर्ष उमेरका युवाहरूलाई पनि मद्दत प्रदान गर्दछ।

हाम्रो वेबसाइटमा रहेको पूर्ण मार्गदर्शनले अन्य उपयोगी सेवाहरू र वेबसाइटहरूको थप लिङ्कहरू सेट गर्दछ।

यसका अतिरिक्त, आर्थिक सहायता उपलब्ध हुन सक्ने अवस्थाहरूको बारेमा सरकारी वेबसाइटमा जानकारी दिइएको छ।

## थप जानकारीको लागि

हाम्रो ब्लग र अन्य स्रोतहरू हाम्रो Moodle
**http://emtas.hias.hants.gov.uk/ मा पहुँच गर्नुहोस्।**

LinkedIn मा Hampshire-EMTAS लाई पछ्याउनुहोस्

थप जानकारीको लागि हाम्रो वेबसाइटमा जानुहोस्
**www.hants.gov.uk/EMTAS**